विधेयक संख्याः

# सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

## <u>उद्देश्य र कारण</u>

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानून निर्माण गर्नुपर्ने आवश्यकता प्रायः संसारका सबै देशले महसुस गरेको पाइन्छ। नेपालमा पनि सूचना प्रविधि क्षेत्रमा भएको विकास सँगसँगै सामाजिक सञ्जालको प्रयोग बढिरहेको छ।

सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानून निर्माण गर्न आवश्यक भएकोले **"सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** पेश गरेको छु।

१३ माघ, २०८१
काठमाडौं ।

(पृथ्वीसुब्बा गुरूङ)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

## आर्थिक टिप्पणी

प्रस्तुत विधेयकको उद्देश्य अनुरूप सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाई व्यवस्थापन र नियमन गर्ने कामको लागि हाल भइरहेको सूचना प्रविधि सम्बन्धी विषय हेर्ने विभागलाई जिम्मेवारी दिइएकोले नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन। यद्यपि, भइरहेको विभागको प्रशासनिक र सांगठनिक संरचना थप गर्न केही आर्थिक व्ययभार पर्ने देखिन्छ।

(पृथ्वीसुब्बा गुरूङ)
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं

## प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा रहेको प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छः-

| क्र.सं | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्योजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ४ को उपदफा (१) | प्लेटफर्म सञ्चालन गर्नको लागि अनुमतिपत्र लिन चाहने कम्पनी, फर्म वा संस्थाले दिने निवेदनको ढाँचा निर्धारण गर्न आवश्यक भएको । | प्लेटफर्म सञ्चालन गर्नको लागि अनुमतिपत्र लिन चाहने कम्पनी, फर्म वा संस्थाले दिने निवेदनको ढाँचा निर्धारण हुने । | निवेदनको ढाँचा निर्धारण भई कार्य सहजिकरण र एकरूपता आउने। |
| २. | दफा ५ को उपदफा (२) | प्लेटफर्म सञ्चालन गर्नको लागि अनुमतिपत्र लिन चाहने कम्पनी, फर्म वा संस्थाले दिएको निवेदनमा जाँच गर्नु पर्ने प्राविधिक विषय तोक्न आवश्यक भएको । | अनुमतिपत्रको लागि दिइने निवेदनमा जाँच गर्नु पर्ने प्राविधिक विषय एकिन हुने । | अनुमतिपत्र प्रदान गर्दा जाँच गर्नु पर्ने प्राविधिक विषयमा प्रष्टता आउने । |
| ३. | दफा ६ को खण्ड (१) | प्लेटफर्म सञ्चालनको लागि प्रदान गरिने अनुमतिपत्रको ढाँचा निर्धारण गर्न आवश्यक भएको । | प्लेटफर्म सञ्चालनको लागि प्रदान गरिने अनुमतिपत्रको ढाँचा निर्धारण हुने । | अनुमतिपत्रको ढाँचा निर्धारण भई कार्य सहजिकरण र एकरूपता आउने। |
| ४. | दफा ७ को उपदफा (२) | अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरणको लागि बुझाउनु पर्ने दस्तुर र नवीकरणको लागि दिने निवेदनको ढाँचा निर्धारण गर्न आवश्यक भएको । | नवीकरणको लागि बुझाउनु पर्ने दस्तुर तोक्ने र निवेदनको ढाँचा निर्धारण हुने । | दस्तुर तोकिने र निवेदनको ढाँचा निर्धारण हुने हुँदा सो सम्बन्धी द्विविधा नरहने । |
| ५. | दफा ७ को उपदफा (७) | अनुमतिपत्रको नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था गर्न आवश्यक भएको। | अनुमतिपत्रको नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था नियमावलीमा गर्ने। | अनुमतिपत्रको नवीकरण गर्ने सम्बन्धी अन्य कार्य प्रक्रिया स्पष्ट भएको हुने। |
| ६. | दफा १० को खण्ड (ज) | सामाजिक सञ्जाल व्यवस्थापनको लागि विभागको थप काम, कर्तव्य र अधिकार तोक्न आवश्यक भएको। | विभागको थप काम, कर्तव्य र अधिकार नियमावलीले तोक्ने । | विभागको काम, कर्तव्य र अधिकार स्पष्ट भएको हुने । |
| ७. | दफा १२ को खण्ड (ठ) | अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने थप शर्तहरु तोक्न आवश्यक भएको। | अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने थप शर्तहरु तोक्न आवश्यक भएको। | अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने थप शर्तहरु स्पष्ट भएको हुने। |

| | | | | |
|---|---|---|---|---|
| ८. | दफा ४० | यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने व्यवस्था गर्न आवश्यक रहेको। | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरू बनाउने । | नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक पर्ने नियमहरू बनाएको हुने। |
| ९. | दफा ४१ | मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने व्यवस्था गर्न आवश्यक रहेको। | मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने । | मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागु गरेको हुने। |

# सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको

## सैद्धान्तिक अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकता:** सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न।

(१) संवैधानिक कारणः

(क) मौलिक हककोरूपमा संरक्षित विचार र अभिव्यक्तिको स्वतन्त्रता कायम गर्दै सञ्चार र गोपनियताको हक विद्युतीय माध्यममा समेत सुनिश्चित गर्न,

(ख) राज्यका नीतिहरू अन्तर्गत विकास सम्वन्धी नीतिमा उल्लिखित निम्न नीतिहरू कार्यान्वयनलाई सहजिकरण गर्नः

- राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने,
- एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।

(२) अन्तर्राष्ट्रिय दायित्वः सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानून निर्माण गर्नुपर्ने आवश्यकता प्रायः संसारका सबै देशले महसुस गरेको सन्दर्भमा नयाँ कानून निर्माण गर्नु पर्ने आवश्यकता रहेको।

(३) <u>सर्वोच्च अदालतको फैसला</u>ः सम्मानित सर्वोच्च अदालतबाट व्यक्तिगत विवरणको गोपनीयता र सूचना सुरक्षण सम्बन्धमा रिट नं. ०६९-WO-०२६८ को मुद्दामा २०७२ माघ २१ मा निर्देशनात्मक आदेश जारी भएको।

(४) <u>सरकारी नीति तथा कार्यक्रमः</u>

(क) सूचना तथा सञ्चार प्रविधि नीति, २०७२

(ख) साइबर सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, २०८०

(ग) आ.व.२०८०/८१ को बजेटमा समेत सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगलाई व्यवस्थित र मर्यादित बनाइनेछ। सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहन गर्नुका साथै नियमनका लागि कानूनी व्यवस्थामा सुधार गरिनेछ भन्ने उल्लेख छ।

(५) <u>अन्य कुनै कारणः</u>

(क) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८० हाल कार्यान्वयनमा रहेको । सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्न सो सम्बन्धी निर्देशिका मात्र पर्याप्त नभएकोले ऐन बनाउनुपर्ने आवश्यकता महसुस भएको,

(ख) सूचना प्रविधि सम्बन्धी व्यवसायहरू व्यवस्थित, नियमित तथा मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्दि हुने,

(ग) विद्युतीय शासनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन हुन कानूनी आधार तय हुने।

२. <u>**नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः**</u>

(क) नेपालमा विद्युतीय स्वरुपमा रहेको सूचना सुरक्षा तथा वैयक्तिक विवरणहरुको गोपनीयताको स्तरमा उल्लेखनीय वृद्दि हुनेछ।

(ख) साईवर सुरक्षाको लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्था भई साईवर सुरक्षाको अवस्थामा सुधार हुनेछ।

(ग) सूचना प्रविधि सम्बन्धी व्यवसायहरू व्यवस्थित, नियमित तथा मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्दि हुनेछ।

(घ) विद्युतीय शासनको अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन हुन कानूनी आधार तय हुनेछ।

(ङ) प्रविधिको विकाससँगै देखिएका थप साइवर अपराधहरू समेत परिभाषित भई नियन्त्रण गर्न सहज हुनेछ।

३. <u>**प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः**</u> सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०।

४. <u>**मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः**</u> सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८० कार्यान्वयनमा रहेको तर सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्न सो सम्बन्धी निर्देशिका मात्र पर्याप्त नभएकोले नयाँ ऐन निर्माण गर्नुपर्ने भएको।

५. <u>**प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः**</u> प्रस्तुत विषयमा सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ र साइबर सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, २०८० स्वीकृत भएको र सो नीति बढोत्तरी पद्दतिबाट तर्जुमा भएको।

६. <u>**नीति निर्माणमा संलग्न पदाधिकारीः**</u> प्रस्तुत विषयको नीति निर्माणमा सञ्चार तथा सूचना प्रविधि मन्त्रलयको विभागीय मन्त्री, मन्त्रालयका सचिव लगायत विषय विज्ञ तथा अन्य सरोकारवालाहरू।

७. <u>**प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**</u> भारत (IT ACT 2000), बङ्गलादेश (Information and Communication Technology (ICT) Act, 2006)

८. <u>**प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः**</u> नभएको।

९. <u>**प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**</u> भैरहेको संरचनाले काम गर्ने हुँदा आर्थिक भार थप नहुने। ऐन कार्यान्वयनको क्रममा हुने कार्य बोझको आधारमा प्रशासनिक संरचना थप गर्दा आर्थिक व्ययभार समेत केही थप हुन सक्ने।

१०. <u>**प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः**</u> केही थप जनशक्ति आवश्यक पर्ने।

११. **<u>प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको:</u>** प्रस्तावित कानून कार्यान्वयन गर्न कुनै निकायको परामर्श, सहमति लिनु नपर्ने तर ऐनको मस्यौदा तयार गर्न आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुसँग राय परामर्श लिइएको।

१२. **<u>प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषय:</u>**

(क) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनुमतिपत्र लिनु पर्ने व्यवस्था,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरूको व्यवस्था,

(ग) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गरी सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जालका प्रयोगकर्तालाई नियमन गर्ने व्यवस्था,

(घ) सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्त,

(ङ) द्रुत प्रतिकार्य समूह गठन र सचेतना कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी व्यवस्था,

(च) सामाजिक सञ्जाल व्यवस्थापनको लागि संस्थागत व्यवस्था,

(छ) सामाजिक सञ्जालको प्रयोग मार्फत हुने कसूर तथा सजाय, अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने र पुनरावेदन सुन्ने सम्बन्धी प्रावधान।

## सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र.स. | दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १. | २ | परिभाषा | यस दफामा ऐनमा पटक पटक प्रयोग भएका शब्दहरूलाई परिभाषित गरिएको छ। |
| २. | ३ | अनुमतिपत्र लिनु पर्ने | यस दफामा प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले प्लेटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्ने व्यवस्था गरिएको छ । |
| ३. | ४ | अनुमतिपत्रको लागि निवेदन दिने | यस दफामा प्लेटफर्म सञ्चालन गर्नको लागि अनुमतिपत्र लिन चाहने कम्पनी, फर्म वा संस्थाले यस ऐनमा उल्लिखित कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने व्यवस्था गरिएको छ । |
| ४. | ५ | निवेदन उपर जाँचबुझ गर्ने | यस दफामा दफा ४ बमोजिम परेको निवेदन उपर विभागले प्लेटफर्मको सुरक्षा प्रणाली, जोखिमको अवस्था र तोकिए बमोजिमका अन्य प्राविधिक विषयको जाँच गराउन सक्ने र यस दफा बमोजिम जाँचबुझ गर्दा थप विवरण वा कागजात माग गर्नु पर्ने देखिएमा निवेदकसँग त्यस्तो विवरण वा कागजात माग गर्न सक्ने व्यवस्था गरिएको छ । |
| ५. | ६ | अनुमतिपत्र प्रदान गर्ने | ❖ यस दफामा दफा ५ बमोजिम निवेदन जाँचबुझ गर्दा प्लेटफर्म सञ्चालन अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमतिपत्र प्रदान गर्नु पर्ने र यसरी अनुमतिपत्र प्रदान गर्दा विभागले आवश्यक शर्तहरु तोक्न सक्ने व्यवस्था गरिएको छ ।<br>❖ तर दफा ५ बमोजिम जाँचबुझ गर्दा मुलुकको शान्ति सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानमा खलल पुग्ने वा राष्ट्रहित प्रतिकूल हुने देखिएमा त्यस्तो अनुमतिपत्र प्रदान नगरिने एवम् यसरी अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएमा विभागले सोको जानकारी त्यस्तो निर्णय गरेको मितिले सात दिनभित्र निवेदकलाई दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ६. | ७ | अनुमतिपत्रको अवधि र नवीकरण | ❖ यस दफामा अनुमतिपत्रको अवधि दुई वर्षको हुने र अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण गर्न चाहेमा अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै अनुमतिपत्र नवीकरणको लागि तोकिएको दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न गरी अनुमतिपत्र नवीकरणको लागि निवेदन दिनु पर्नेछः-<br>(क) सामाजिक सञ्जालको प्रयोगको सम्बन्धमा अपनाएको सुरक्षा प्रणाली, |

| | | | |
|---|---|---|---|
| | | | (ख) गत आर्थिक वर्षमा गरेको गुनासो सम्बोधनको अवस्था र सोको विवरण,<br>(ग) सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका कामको विवरण र कर चुक्ताको प्रमाणपत्र,<br>(घ) सामाजिक सञ्जाल सञ्चालनको क्रममा गरिएका मुख्य मुख्य कामको विवरण।<br><br>❖ साथै प्राप्त निवेदन उपर जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण गर्न मनासिब देखिएमा विभागले दुई वर्षको लागि अनुमतिपत्र नवीकरण गरिदिनु पर्ने सम्बन्धी व्यवस्था गरिएको छ । |
| ७. | ८ | अनुमतिपत्रको खारेजी | यस दफामा विभागले देहायको कुनै अवस्थामा सामाजिक सञ्जाल प्लेटफर्मको अनुमतिपत्र खारेज गर्न सक्ने व्यवस्था गरेको छः-<br>(क) अनुमतिपत्र प्राप्त व्यक्तिले मुलुकको शान्ति सुरक्षा, अमनचयन, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानमा खलल पुग्ने वा राष्ट्रहित प्रतिकूलका विषयवस्तु प्रसार गरे वा गराएमा,<br>(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्तको उल्लङ्घन गरेमा,<br>(ग) झुट्टा विवरण पेश गरी अनुमतिपत्र लिएको प्रमाणित भएमा,<br>(घ) नेपाल बाहिरबाट सञ्चालित सामाजिक सञ्जालको हकमा नेपालमा सम्पर्क विन्दुको व्यवस्था नगरेमा,<br>(ङ) गुनासो सुनुवाई संयन्त्रको व्यवस्था नगरेमा,<br>(च) विभागले दिएको निर्देशन पालना नगरेमा ।<br><br>❖ अनुमतिपत्र खारेज गर्नु अघि सफाई पेस गर्न मौका दिनु पर्ने र अनुमतिपत्र खारेज गर्ने निर्णयमा चित्त नबुझेमा सम्बन्धित प्लेटफर्मले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ र सो सम्बन्धमा मन्त्रालयको सचिवले गरेको निर्णय अन्तिम हुने व्यवस्था गरिएको छ । |
| ८. | ९ | प्लेटफर्म सञ्चालनमा रोक लगाउन सक्ने | यस दफामा विभागले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरेको, अनुमतिपत्र रद्द भएको, सामाजिक सञ्जाल सञ्चालनका शर्तहरु पालना नगरेको वा दफा ८ को उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्ने कारबाहीको क्रममा रहेका प्लेटफर्मलाई नेपालभित्र सञ्चालन गर्न रोक लगाउन सक्ने र सो प्रयोजनको लागि विभागले त्यस्तो प्लेटफर्म सञ्चालनमा रोक लगाउन नेपाल दूरसञ्चार प्राधिकरणमा लेखी पठाएमा प्राधिकरणले त्यस्तो प्लेटफर्म सञ्चालन गर्न रोक लगाउन इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिनु पर्ने व्यवस्था गरिएको छ । |

| | | | |
|---|---|---|---|
| ९. | १० | संस्थागत व्यवस्था | यस दफामा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाई नियमन गर्ने काम समेतको लागि हाल भइरहेको सूचना प्रविधि सम्बन्धी विषय हेर्ने विभागलाई जिम्मेवारी दिइएको छ । |
| १०. | ११ | सम्बद्ध निकाय | ❖ यस दफामा सामाजिक सञ्जालको दुरुपयोग रोकी प्लेटफर्मको सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्न देहायका निकाय सम्बद्ध निकायको रुपमा रहने व्यवस्था गरेको छः-<br>(क) नेपाल प्रहरी<br>(ख) नेपाल दूरसञ्चार प्राधिकरण,<br>(ग) प्रेस काउन्सिल,<br>(घ) सूचना तथा प्रसारण विभाग,<br>(घ) विज्ञापन बोर्ड,<br>(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य निकाय।<br>❖ यस दफामा सम्बद्ध निकायको देहाय बमोजिमको जिम्मेवारी र दायित्व समेत तोकिएको छः-<br>(क) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सम्पर्क व्यक्ति तोक्ने,<br>(ख) यस ऐन विपरीत कुनै विषयवस्तु सामाजिक सञ्जालमा प्रसार भएको पाइएमा विभागमा लेखी पठाउने,<br>(ग) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,<br>(घ) यस ऐन अन्तर्गतका गुनासो सम्बोधनका सन्दर्भमा विभागसँग समन्वय गर्ने,<br>(१) उजुरी र गुनासो सम्बोधनका सन्दर्भमा विभागले दिएको निर्देशनको पालना गर्ने। |
| ११. | १२ | अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु | ❖ यस दफामा देहाय बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु व्यवस्था गरिएको छः-<br>(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने,<br>(ख) प्रचलित कानून विपरीतका विषयवस्तुको पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने,<br>(ग) कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामाग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रदायिक सद्भाव बिगार्ने |

| | | | |
|---|---|---|---|
| | | | प्रकृतिको सामाग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने,<br>(घ) प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक सामाजिक सञ्जाल प्रयोगकर्ताको वैयक्तिक विवरणको गोपनीयता तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रत्याभूति गर्ने,<br>(ङ) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक सामग्री सामाजिक सञ्जालमार्फत निरन्तर रुपमा प्रसार गर्ने,<br>(च) सामाजिक सञ्जालको प्रयोगका क्रममा आएका गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाउने,<br>(छ) प्लेटफर्ममा प्रसार भएका विषयवस्तुको तथ्यको जाँच गर्ने,<br>(ज) सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक परिचय खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने,<br>(झ) प्लेटफर्ममा हुने आर्थिक कारोबार बैङ्किङ प्रणालीबाट हुने व्यवस्थाको सुनिश्चित गर्ने,<br>(ञ) यस ऐन बमोजिम जाँचबुझ वा कसूरको अनुसन्धान गर्ने प्रयोजनको लागि सामाजिक सञ्जाल प्रयोगकर्ताको विवरण (युजर डिटेल) सम्बन्धित निकायलाई उपलब्ध गराउने,<br>(ट) अनुमतिपत्रमा उल्लिखित शर्तहरु,<br>(ठ) तोकिए बमोजिमका अन्य शर्तहरू।<br>❖ उपदफा (१) बमोजिमका शर्तहरु पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई विभागले पच्चीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्न सक्ने र सो प्रयोजनको लागि जरिबाना गर्नु अघि अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था गरिएको छ । |
| १२. | १३ | सामाजिक सञ्जाल प्लेटफर्मबाट विषयवस्तु हटाउन निर्देशन दिन सक्ने | ❖ यस दफामा यस ऐन वा प्रचलित कानून विपरीतका विषयवस्तु प्लेटफर्मबाट प्रसार भएको भन्ने जानकारी, गुनासो वा उजुरी प्राप्त भएमा त्यस्तो जानकारी, गुनासो वा उजुरीको सम्बन्धमा विभागले जाँचबुझ गर्दा त्यस्तो विषयवस्तु हटाउनु पर्ने देखिएमा विभागले प्लेटफर्मबाट अस्थायी वा स्थायीरुपमा वा आंशिक वा पूर्ण रुपमा हटाउन सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा अनुमतिपत्र प्राप्त व्यक्तिको नेपाल स्थित सम्पर्क विन्दुलाई निर्देशन दिने र यसरी निर्देशन प्राप्त भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा सम्पर्क विन्दुले त्यस्तो विषयवस्तु तत्काल हटाउनु पर्ने व्यवस्था गरिएको छ।<br>❖ उपदफा (३) बमोजिम प्लेटफर्मबाट हटाउन निर्देशन दिइएको विषयवस्तु नहटाउने अनुमतिपत्र प्राप्त व्यक्ति वा सम्पर्क विन्दुलाई विभागले पटकै पिच्छे पाँच लाख रुपैयाँदेखि पन्ध्र लाख रुपैयाँसम्म |

| | | | |
|---|---|---|---|
| | | | जरिबाना गर्न सक्ने र सो प्रयोजनको लागि जरिबाना गर्नु अघि अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था गरिएको छ ।<br>❖ प्लेटफर्मबाट प्रसार भएको विषयवस्तु यस दफा बमोजिम नहटाएको कारण कसैलाई क्षति पुगेको रहेछ भने त्यसको मनासिब क्षतिपूर्ति पीडितलाई भराई दिनु पर्नेछ । |
| १३. | १४ | सम्पर्क विन्दुको व्यवस्था गर्नु पर्ने | यस दफामा नेपाल बाहिरबाट सञ्चालित अनुमतिपत्र प्राप्त व्यक्तिले सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन तथा सम्पर्क गर्ने प्रयोजनको लागि नेपालभित्र सम्पर्क विन्दु राख्ने र सो प्रयोजनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै संस्था वा निकायलाई सम्पर्क विन्दु तोक्न सक्ने एवम् विभाग वा सम्बद्ध निकायले नेपाल बाहिरबाट सञ्चालित अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्पर्क गर्दा सम्पर्क विन्दु मार्फत गर्न सक्ने व्यवस्था गरिएको छ। |
| १४. | १५ | अनुमतिपत्र प्राप्त व्यक्तिले गुनासो व्यवस्थापन गर्ने | ❖ यस दफामा अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो सामाजिक सञ्जाल प्रयोगकर्ताको गुनासो व्यवस्थापनको लागि द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) सहितको प्रभावकारी संयन्त्रको व्यवस्था गरी आफ्नो सम्पर्क विन्दुमा चौबिसै घण्टा उपलब्ध हुने गरी गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नु पर्ने व्यवस्था गरिएको छ।<br>❖ सम्पर्क विन्दुको ठेगाना परिवर्तन हुँदा वा गुनासो सुन्ने अधिकारी परिवर्तन हुँदा सोको सूचना विभागलाई दिई सोको सूचना सर्वसाधारणको जानकारीको लागि समेत सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| १५. | १६ | सामाजिक सञ्जाल प्रयोगकर्तले पालना गर्नु पर्ने शर्त | ❖ यस दफामा सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जाल प्रयोग गर्दा पालना गर्नु पर्ने देहायका शर्तको व्यवस्था गरेको छः-<br>(क) कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने,<br>स्पष्टीकरणः"हेट स्पीच" भन्नाले व्यक्ति, समूह वा समुदाय विरुद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनु पर्छ।<br>(ख) मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रसार नगर्ने,<br>(ग) प्रचलित कानूनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार नगर्ने, |

| | | | |
|---|---|---|---|
| | | | (घ) प्रचलित कानूनले निषेध गरेका क्रियाकलापको नक्कल वा सेयर नगर्ने,<br>(ङ) अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार नगर्ने,<br>❖ उपदफा (१) विपरीतको कार्यलाई गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गरेमा सामाजिक सञ्जाल प्रयोगकर्तालाई विभागले पाँच लाख रुपैयाँ सम्म जरिबाना गर्न सक्ने र यसरी जरिबाना गर्नु अघि सामाजिक सञ्जाल प्रयोगकर्तालाई सफाई पेस गर्ने मौका दिनु पर्ने व्यवस्था गरिएको छ। |
| १६. | १७ | अनुमतिपत्र नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न नहुने | यस दफामा दफा ३ बमोजिम अनुमतिपत्र नलिई वा दफा ९ बमोजिम सञ्चालन गर्न रोक लगाइएको प्लेटफर्म सञ्चालन गर्ने वा गराउने व्यक्तिलाई पच्चीस लाख रुपैयाँसम्म जरिबाना  हुने व्यवस्था गरिएको छ। |
| १७. | १८ | राष्ट्र हित प्रतिकूल हुने कार्य गर्न नहुने | यस दफामा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्र हित वा सङ्घीय इकाइ बीचको सु-सम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै काम गर्न वा गराउन वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा प्रसार गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| १८. | १९ | साइबर बुलिङ गर्न नहुने | यस दफामा कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, फोटो, अडियो, भिडियो, श्रव्य-दृष्य, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्ने जस्ता साइबर बुलिङको कसूर गरेमा दुई वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ । |
| १९. | २० | साइबर स्टकिङ्ग  गर्न नहुने | यस दफामा कसैले इन्टरनेट प्रविधिको प्रयोग गरी कसैलाई झुट्टा आरोप लगाउने, धम्की दिने, जालसाजी गर्ने, दुर्व्यवहार गर्ने, निगरानी गर्ने, वैयक्तिक गोपनीयता भङ्ग गर्ने, बारम्बार अनावश्यक सन्देश पठाउने, गोप्य जानकारी खुलासा गर्ने वा वैयक्तिक सुरक्षामा खतरा पुऱ्याउने कार्य गरी कसैलाई हैरानी दिई साइबर स्टकिङ्गको कसूर गरे वा गराएमा कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको |

| | | | |
|---|---|---|---|
| | | | छ। |
| २०. | २१ | कसैको आइडी तथा सूचना ह्याक गर्न नहुने | यस दफामा कसैको कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको पासवर्ड वा सिरियल नम्बर क्याक गरी त्यस्तो कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको गुप्त सङ्केत, पासवर्ड वा सिरियल नम्बर चोरी गरी त्यस्तो कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालमा अनधिकृत रुपमा पहुँच प्राप्त गरी तथ्याङ्क भण्डारमा हस्तक्षेप गरी कसैको आइडी तथा सूचना ह्याक गरेमा तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २१. | २२ | फिसिङ वा इम्पोष्टर स्क्याम गर्न नहुने | यस दफामा विद्युतीय सञ्चार माध्यमबाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको युजरनेम र पासवर्ड, क्रेडिट कार्ड नम्बर, बैङ्क एकाउन्ट जस्ता संवेदनशील सूचना प्राप्त गरी फिसिङ गर्नेलाई र कुनै व्यक्तिले अरू कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युत्तीय उपकरण वा प्रणालीद्वारा आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने विश्वासमा पारी उपहार वा पुरस्कार पठाउन व्यक्तिगत पासवर्ड र संवेदनशील जानकारी लिएर पछि कुनै रकम माग गरी इम्पोष्टर स्क्यामको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ । |
| २२. | २३ | सेक्सटोर्सन वा एक्सटोर्सन गर्न नहुने | यस दफामा कसैको नितान्त व्यक्तिगत तथा निजी तस्बीर, अडियो वा भिडियो सामाजिक सञ्जालको प्रयोग गरी सार्वजनिक गर्ने वा कसैसँग सेयर गर्ने धम्की दिई यौन शोषण, आर्थिक लाभ वा हिंसाका लागि बाध्य पार्ने सेक्सटोर्सनको कसूर गर्नेलाई र कसैले कुनै व्यक्तिलाई सामाजिक सञ्जालको प्रयोग गरी निज वा अरु कसैलाई कुनै क्षति पुर्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गरी एक्सटोर्सनको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २३. | २४ | बीभत्स तस्बिर वा अडियो वा भिडियो पोष्ट वा सेयर गर्न नहुने | यस दफामा कसैले सामाजिक सञ्जालमा बीभत्स तस्बिर वा अडियो वा भिडियो पोष्ट वा सेयर गरी कसूर गरेमा तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २४. | २५ | अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गर्न नहुने | यस दफामा कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्बिर, सङ्केत, भिडियो, अडियो, मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सूचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी कसूर गरेमा दुई वर्षसम्म कैद सजाय वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २५. | २६ | डिपफेक भिडियो अपलोड वा प्रसार | यस दफामा कसैले सामाजिक सञ्जालमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउलाई नक्कल वा प्रतिस्थापन |

| | | | |
|---|---|---|---|
| | | गर्न नहुने | गरी गलत सूचना प्रवाह गर्ने, अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कसूर गरेमा दुई वर्षसम्म कैद सजाय वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २६. | २७ | बेनामी वा छद्मभेषी पहिचान बनाउन वा प्रयोग गर्न नहुने | ❖ यस दफामा कसैले सामाजिक सञ्जालमा बेनामी वा छद्मभेषी (फेक आइडी, पेज, समूह) वा अरुको नामबाट पहिचान सिर्जना गर्ने, त्यस्तो बेनामी वा छद्मभेषी पहिचान मार्फत विषयवस्तु उत्पादन गरी पोष्ट वा सेयर गर्ने, अरूको विषयवस्तु सेयर गर्ने, कमेन्ट वा कल गरी कसूर गरेमा तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरेको छ ।<br>❖ त्यसैगरी कसैले प्लेटफर्ममा व्यक्तिगत वा सामूहिक रुपमा छद्मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आइडी खोली नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुने गरी गलत वा भ्रामक सूचना सम्प्रेषण गरी कसूर गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेमा सोही बमोजिम र प्रचलित कानूनमा सजाय उल्लेख भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने व्यवस्था गरिएको छ। |
| २७. | २८ | थप सजाय हुने | ❖ यस दफामा कसैले सामाजिक सञ्जालको प्रयोग गरी प्रचलित कानून बमोजिम कसूर हुने कार्य गरेमा वा त्यस्तो कसूर गर्न दुरुत्साहन गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा एक वर्षसम्म थप कैद सजाय हुने व्यवस्था गरिएको छ।<br>❖ यस ऐन बमोजिमको कुनै कसूर एक पटकभन्दा बढी गर्ने कसूरदारलाई पटकै पिच्छे त्यस्तो कसूरमा हुने सजायको दोब्बर सजाय हुनेछ।<br>❖ सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने काम गरेमा त्यस्तो कसूरदारलाई यस ऐन बमोजिम हुने सजायमा पचास प्रतिशतसम्म थप सजाय हुनेछ।<br>❖ कसैले बालबालिकाको प्रयोग गरी यस ऐन बमोजिमको कसूर हुने कार्य गरेमा एक वर्षसम्म थप कैद सजाय हुने व्यवस्था गरिएको छ। |
| २८. | २९ | दुरुत्साहन, उद्योग वा षडयन्त्र गर्न नहुने | यस दफामा यस ऐन बमोजिम कसूर हुने कार्य गर्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कसूरको उद्योग वा षडयन्त्र गर्ने वा त्यस्तो कसूर गर्न सघाउने वा अन्य कुनै ब्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरिएको छ। |
| २९. | ३० | प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्ने | यस दफामा यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ र त्यस्तो कसूरमा यस ऐनमा उल्लिखित हद भन्दा बढी सजाय हुने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन भनी |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था गरिएको छ। |
| ३०. | ३१ | क्षतिपूर्ति भराउनु पर्ने | यस दफामा यस ऐन बमोजिम सजाय हुने कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति भएको रहेछ भने त्यस्तो हानि, नोक्सानी, हैरानी वा क्षति बापतको मनासिब रकम सम्बन्धित कसूरदारबाट पीडितलाई भराई दिनु पर्ने व्यवस्था गरिएको छ। |
| ३१. | ३२ | नेपाल सरकार वादी हुने | यस दफामा यस परिच्छेद बमोजिम कसूर हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिने व्यवस्था गरिएको छ। |
| ३२. | ३३ | हदम्याद | यस दफामा सामाजिक सञ्जालको प्रयोग गरी कसैले यस ऐन विपरीतको कसूर हुने कार्य गरेमा त्यस्तो कार्यबाट मर्का पर्ने व्यक्तिले कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र उजुर गर्नु पर्ने व्यवस्था गरिएको छ। |
| ३३. | ३४ | विद्युतीय प्रमाणको ग्राह्यता | यस दफामा विद्युतीय प्रणालीबाट सिर्जना भएको विद्युतीय वा अन्य कुनै स्वरुपमा रहेको कुनै सूचना वा तथ्याङ्क यस ऐन बमोजिम कसूर मानिने मुद्दाको कारबाहीमा प्रमाणको रुपमा ग्राह्य हुने व्यवस्था गरिएको छ। |
| ३४. | ३५ | पुनरावेदन | यस दफामा यस ऐन बमोजिम जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय थाहा पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा र दफा १२, १३ र १६ बमोजिम विभागले जरिवाना गर्ने गरी गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था गरिएको छ। |
| ३५. | ३६ | द्रुत प्रतिकार्य समूह गठन गर्ने | ❖ यस दफामा यस ऐन बमोजिमको कसूरबाट पीडितको अधिकारको तत्काल रक्षा गर्ने व्यवस्थाका लागि विभागले विज्ञ तथा सम्बद्ध निकायको प्रतिनिधि समेत रहने गरी द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) गठन गर्न सक्ने र विभागले टेलिफोन, इमेल, फ्याक्स वा सामाजिक सञ्जालबाट गुनासो सुन्न र त्यस्तो गुनासो उपर द्रुत प्रतिकार्य गर्नका लागि आवश्यक कर्मचारी सहितको छुट्टै सहायता कक्षको समेत व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ।<br>❖ उपदफा (१) बमोजिम द्रुत प्रतिकार्य समूहले कुनै प्लेटफर्म वा कुनै अन्य व्यक्ति वा निकायलाई सामाजिक सञ्जालमा प्रसार गरिएको कुनै विषयवस्तु तत्काल हटाउन, कसैले हेर्न नमिल्ने गरी सङ्ग्रह गर्न वा पीडितको अधिकार रक्षाको लागि तत्काल कुनै उपयुक्त कार्य गर्न निर्देशन दिन सक्ने र सो बमोजिमको निर्देशन पालना गर्नु वा गराउनु सम्बन्धित प्लेटफर्मको कर्तव्य हुने व्यवस्था गरिएको छ। |
| ३६. | ३७ | सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | ❖ यस दफामा विभाग, सम्बद्ध निकाय र प्लेटफर्मले सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि देहायका कुनै वा सबै माध्यमबाट शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था गरिएको |

| | | | |
|---|---|---|---|
| | | | छः-<br>(क) प्रकाशन तथा प्रसारण,<br>(ख) वेबसाइट,<br>(ग) गोष्ठी तथा कार्यशाला,<br>(घ) लोककल्याणकारी विज्ञापन,<br>(ङ) संवाद कार्यक्रम,<br>(च) अन्य कुनै माध्यम।<br>❖ उपदफा (१) बमोजिम सञ्चालन हुने शिक्षा तथा सचेतनामूलक कार्यक्रमको व्यवस्था गर्न मन्त्रालय, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा स्थानीय तहको शिक्षा शाखाले समेत आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नु पर्नेछ। |
| ३७. | ३८ | निर्देशन दिन सक्ने | यस दफामा मन्त्रालयले सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा विभागलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था गरिएको छ । |
| ३८. | ३९ | प्रतिवेदन पेश गर्नुपर्ने | यस दफामा विभागले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफू र सम्बद्ध निकायबाट सम्पादन भएका कामको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । |
| ३९. | ४० | नियम बनाउने अधिकार | यस दफामा नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरिएको छ । |
| ४०. | ४१ | निर्देशिका वा कार्यविधि बनाउन सक्ने | यस दफामा मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्ने व्यवस्था गरिएको छ । |

# सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१) यस ऐनको नाम "सामाजिक सञ्जाल ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपालभर लागु हुनेछ र नेपाल बाहिरबाट नेपाल वा नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने व्यक्तिको हकमा समेत लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अनुमतिपत्र” भन्नाले दफा ६ बमोजिमको सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा ६ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) “प्लेटफर्म” भन्नाले इन्टरनेट प्रयोगकर्ता व्यक्ति-व्यक्ति, व्यक्ति र समूह वा संस्था तथा समूह वा संस्थाका बीच विचार वा जानकारी आदान प्रदान गर्न वा सामाजिक अन्तरक्रिया गर्न सकिने गरी विद्युतीय प्रविधिको माध्यमद्वारा साइबर स्पेसमा सिर्जना गरिएको एप, वेबसाइट, ब्लग, एआइ टुल्स वा यस्तै प्रकृतिका सार्वजनिक रुपमा उपलब्ध सामाजिक सञ्जाल प्लेटफर्म सम्झनु पर्छ।

(ङ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) “विभाग” भन्नाले नेपाल सरकारको सूचना प्रविधि सम्बन्धी विषय हेर्ने विभाग सम्झनु पर्छ।

(छ) "सम्पर्क विन्दु" भन्नाले दफा १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले नेपालमा स्थापना गरेको कार्यालय वा तोकेको व्यक्ति सम्झनु पर्छ।

(ज) "सम्बद्ध निकाय" भन्नाले दफा ११ बमोजिमका निकाय सम्झनु पर्छ।

(झ) "सामाजिक सञ्जाल" भन्नाले कम्प्युटर, कम्प्युटर नेटवर्क, इन्टरनेट लगायतका विद्युतीय प्रविधि र उपकरणको माध्यमबाट उपलब्ध गराएको सुविधा तथा प्रक्रिया बमोजिम कुनै व्यक्ति, समूह वा संस्थाबीच एक अर्कासँग अन्तर्क्रियात्मक सञ्चार गर्ने वा विषयवस्तु (कन्टेन्ट) प्रसार गर्न सक्ने प्रणाली सम्झनु पर्छ।

(ञ) "सामाजिक सञ्जालको दुरुपयोग" भन्नाले यस ऐन वा प्रचलित कानून विपरीतका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनु पर्छ।

(ट) "सामाजिक सञ्जालको प्रयोग" भन्नाले व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी कुनै अक्षर, चित्र, आवाज, सङ्केत, दृष्य वा श्रव्य दृष्यलाई सार्वजनिक रुपमा प्रयोगमा आएको सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यास ट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनु पर्छ।

## परिच्छेद-२

## सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन अनुमति

३. **अनुमतिपत्र लिनु पर्नेः** प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले यस ऐन बमोजिम प्लेटफर्म सञ्चालन गर्न अनुमतिपत्र लिनु पर्नेछ ।

४. **अनुमतिपत्रको लागि निवेदन दिनेः** (१) प्लेटफर्म सञ्चालन गर्नको लागि अनुमतिपत्र लिन चाहने कम्पनी, फर्म वा संस्थाले देहायको कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछः-

(क) कम्पनी, फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) कम्पनी वा संस्थाको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) कम्पनी, फर्म वा संस्थाको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) शेयरधनीको लगत विवरण,

(ङ) विदेशी लगानीकर्ताले शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(च) कम्पनी, फर्म वा संस्था अद्यावधिक भएको पत्र,

(छ) कम्पनी, फर्म वा संस्थाको सञ्चालक समितिको विवरण,

(ज) प्लेटफर्म सञ्चालन अनुमतिपत्र लिने सम्बन्धमा कम्पनी, फर्म वा संस्थाको निर्णय,

(झ) अनुमतिपत्रको लागि निवेदन दिने अख्तियारी,

(ञ) कम्पनी, फर्म वा संस्थाको तर्फबाट निवेदन दिने व्यक्ति नेपाली नागरिक भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र विदेशी व्यक्ति भए राहदानीको प्रतिलिपि,

(ट) सामाजिक सञ्जालको गोपनीयता सम्बन्धी नीति, डाटा प्रयोग नीति (डाटा युजेज पोलिसी), डाटा सुरक्षा नीति,

(ठ) प्लेटफर्मले प्रयोगकर्ताका सम्बन्धमा निर्धारण गरेका मापदण्ड,

(ड) नेपाल बाहिर दर्ता भएका कम्पनी, फर्म वा संस्थाको हकमा नेपाल स्थित आधिकारिक प्रतिनिधि नेपाली नागरिक भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र विदेशी नागरिक भए राहदानीको प्रतिलिपि,

(ढ) विभागले निर्धारण गरेका अन्य कागजात।

(२) यो ऐन प्रारम्भ हुनु अघि मन्त्रालयमा सूचीकरण भई सञ्चालनमा रहेका प्लेटफर्म सञ्चालक कम्पनी, फर्म वा संस्थाले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्र उपदफा (१) बमोजिम निवेदन दिनु पर्नेछ।

(३) प्लेटफर्म सञ्चालकले सूचीकरण हुँदा पेश गरेका सम्पूर्ण कागजात र तत्सम्बन्धी अन्य अभिलेख मन्त्रालयले यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्र विभागमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको निवेदन प्लेटफर्म सञ्चालन गर्ने कम्पनी, फर्म वा संस्थाले आफ्नो प्रतिनिधि मार्फत वा अनलाइन माध्यमबाट समेत दिन सक्नेछ।

५. <u>**निवेदन उपर जाँचबुझ गर्ने:**</u> (१) दफा ४ बमोजिम परेको निवेदन उपर विभागले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा विभागले प्लेटफर्मको सुरक्षा प्रणाली, जोखिमको अवस्था र तोकिए बमोजिमका अन्य प्राविधिक विषयको जाँच गराउन सक्नेछ।

(३) विभागले यस दफा बमोजिम जाँचबुझ गर्दा थप विवरण वा कागजात माग गर्नु पर्ने देखिएमा निवेदकसँग त्यस्तो विवरण वा कागजात माग गर्न सक्नेछ।

६. <u>**अनुमतिपत्र प्रदान गर्ने:**</u> (१) दफा ५ बमोजिम जाँचबुझ गर्दा प्लेटफर्म सञ्चालन अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा विभागले निवेदन परेको तीन महिनाभित्र निवेदकबाट तोकिए बमोजिमको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमतिपत्र प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा विभागले आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५ बमोजिम जाँचबुझ गर्दा प्लेटफर्म सञ्चालन गर्दा मुलुकको शान्ति सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानमा खलल पुग्ने वा राष्ट्रहित प्रतिकूल हुने देखिएमा त्यस्तो अनुमतिपत्र प्रदान गरिने छैन।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएमा विभागले सोको जानकारी त्यस्तो निर्णय गरेको मितिले सात दिनभित्र निवेदकलाई दिनु पर्नेछ।

७. <u>**अनुमतिपत्रको अवधि र नवीकरण:**</u> (१) अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरण गर्न चाहेमा अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै अनुमतिपत्र नवीकरणको लागि तोकिएको दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र नवीकरणको लागि निवेदन दिँदा देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः-

(क) सामाजिक सञ्जालको प्रयोगको सम्बन्धमा अपनाएको सुरक्षा प्रणाली,

(ख) गत आर्थिक वर्षमा गरेको गुनासो सम्बोधनको अवस्था र सोको विवरण,

(ग) सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका कामको विवरण र कर चुक्ताको प्रमाणपत्र,

(घ) सामाजिक सञ्जाल सञ्चालनको क्रममा गरिएका मुख्य मुख्य कामको विवरण।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण गर्न मनासिब देखिएमा विभागले दुई वर्षको लागि अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(५) यस दफा बमोजिम नवीकरण नभएको प्लेटफर्मको अनुमतिपत्र स्वतः रद्द हुनेछ र त्यस्तो रद्द भएको सूचना विभागले सार्वजनिक रुपमा प्रकाशन गर्नेछ।

(६) यस दफा बमोजिम अनुमतिपत्र नवीकरण नभएको वा स्वतः रद्द भएको प्लेटफर्मले सो प्लेटफर्मबाट कुनै पनि गतिविधि गर्न पाउने छैन।

(७) अनुमतिपत्रको नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **अनुमतिपत्रको खारेजीः** (१) विभागले देहायको कुनै अवस्थामा सामाजिक सञ्जाल प्लेटफर्मको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले मुलुकको शान्ति सुरक्षा, अमनचयन, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमानमा खलल पुग्ने वा राष्ट्रहित प्रतिकूलका विषयवस्तु प्रसार गरे वा गराएमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्तको उल्लङ्घन गरेमा,

(ग) झुट्टा विवरण पेश गरी अनुमतिपत्र लिएको प्रमाणित भएमा,

(घ) नेपाल बाहिरबाट सञ्चालित सामाजिक सञ्जालको हकमा नेपालमा सम्पर्क विन्दुको व्यवस्था नगरेमा,

(ङ) गुनासो सुनुवाई संयन्त्रको व्यवस्था नगरेमा,

(च) विभागले दिएको निर्देशन पालना नगरेमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु पर्ने देखिएमा विभागले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्र खारेज गर्नु नपर्ने कुनै मनासिब आधार र कारण भए त्यस्तो आधार र कारण पन्ध्र दिनभित्र पेस गर्न मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै आधार र कारण पेश नगरेमा वा पेश गरेको आधार र कारण मनासिब नदेखिएमा विभागले अनुमतिपत्र खारेज गर्ने निर्णय गरी सोको जानकारी सात दिन भित्र त्यस्तो प्लेटफर्मलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्ने निर्णयमा चित्त नबुझेमा सम्बन्धित प्लेटफर्मको सञ्चालक कम्पनी, फर्म वा संस्थाले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ र सो सम्बन्धमा मन्त्रालयको सचिवले गरेको निर्णय अन्तिम हुनेछ।

९. **<u>प्लेटफर्म सञ्चालनमा रोक लगाउन सक्नेः</u>** (१) विभागले यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरेको वा अनुमतिपत्र रद्द भएको प्लेटफर्मलाई नेपालभित्र सञ्चालन गर्न रोक लगाउनेछ।

(२) यस ऐन बमोजिमको सामाजिक सञ्जाल सञ्चालनका शर्तहरु पालना नगरेको वा दफा ८ को उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्ने कारबाहीको क्रममा रहेका प्लेटफर्मलाई नेपालभित्र सञ्चालन गर्न रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि विभागले त्यस्तो प्लेटफर्म सञ्चालनमा रोक लगाउन नेपाल दूरसञ्चार प्राधिकरणमा लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा नेपाल दूरसञ्चार प्राधिकरणले त्यस्तो प्लेटफर्म सञ्चालन गर्न रोक लगाउन इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिनु पर्नेछ।

## परिच्छेद-३

## <u>संस्थागत व्यवस्था</u>

१०. **<u>संस्थागत व्यवस्थाः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्लेटफर्मको सञ्चालन र प्रयोगका सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारका लागि मन्त्रालयमा प्रतिवेदन पेश गर्ने,

(ख) प्लेटफर्ममा प्रसारित विषयवस्तुको नियमितरुपमा अनुगमन गर्ने,

(ग) खण्ड (ख) बमोजिम अनुगमन गर्दा यस ऐन वा प्रचलित कानून बमोजिम प्रसार गर्न उपयुक्त नदेखिएका विषयवस्तु हटाउन सम्बन्धित प्लेटफर्मलाई निर्देशन दिने,

(घ) प्लेटफर्ममा पोष्ट वा सेयर भएका विषयवस्तु यस ऐन वा प्रचलित कानून विपरीत भएको पाइएमा त्यस्तो विषयवस्तुको प्रकृति, असर र प्रभाव हेरी आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा पठाउने,

(ङ) सामाजिक सञ्जालको प्रयोगको सम्बन्धमा आउने गुनासो सुनुवाई गर्न आवश्यक व्यवस्था गर्ने,

(च) सामाजिक सञ्जालको सञ्चालन र प्रयोगका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(छ) प्लेटफर्म सञ्चालन, प्रयोग तथा नियमन सम्बन्धमा सम्बद्ध निकायसँग समन्वय गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

११. **<u>सम्बद्ध निकाय</u>**ः (१) सामाजिक सञ्जालको दुरुपयोग रोकी प्लेटफर्मको सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्न देहायका निकाय सम्बद्ध निकायको रुपमा रहनेछन्ः-

(क) नेपाल प्रहरी

(ख) नेपाल दूरसञ्चार प्राधिकरण,

(ग) प्रेस काउन्सिल,

(घ) सूचना तथा प्रसारण विभाग,

(घ) विज्ञापन बोर्ड,

(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य निकाय।

(२) सम्बद्ध निकायको जिम्मेवारी र दायित्व देहाय बमोजिम हुनेछः-

(क) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न सम्पर्क व्यक्ति तोक्ने,

(ख) यस ऐन विपरीत कुनै विषयवस्तु सामाजिक सञ्जालमा प्रसार भएको पाइएमा विभागमा लेखी पठाउने,

(ग) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) यस ऐन अन्तर्गतका गुनासो सम्बोधनका सन्दर्भमा विभागसँग समन्वय गर्ने,

(ङ) उजुरी र गुनासो सम्बोधनका सन्दर्भमा विभागले दिएको निर्देशनको पालना गर्ने।

## परिच्छेद-४

## <u>अनुमतिपत्र प्राप्त व्यक्ति वा सामाजिक सञ्जालको प्रयोगकर्ताले पालन गर्नु पर्ने शर्त</u>

१२. **<u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु</u>**ः (१) अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हितमा खलल पुग्ने वा सामाजिक, सांस्कृतिक तथा धार्मिक सद्भाव भड्काउने विषयवस्तु प्लेटफर्ममा प्रसार नगर्ने,

(ख) प्रचलित कानून विपरीतका विषयवस्तुको पोष्ट वा सेयर गर्न नमिल्ने गरी प्लेटफर्ममा आवश्यक प्रविधि विकास गर्ने वा आवश्यक अन्य उपाय अवलम्बन गर्ने,

(ग) कुनै व्यक्तिको चरित्रमा गम्भीर आघात पुग्ने किसिमको सामाग्री वा घृणास्पद अभिव्यक्ति वा हिंसा भड्काउने वा साम्प्रादायिक सद्भाव बिगार्ने प्रकृतिको सामाग्री अपलोड हुन वा प्रचारप्रसार हुन नदिने,

(घ) प्रचलित कानूनले तोकेको अवस्थामा बाहेक सामाजिक सञ्जाल प्रयोगकर्ताको वैयक्तिक विवरणको गोपनीयता तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको प्रत्याभूति गर्ने,

(ङ) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक सामग्री सामाजिक सञ्जालमार्फत निरन्तर रुपमा प्रसार गर्ने,

(च) सामाजिक सञ्जालको प्रयोगका क्रममा आएका गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाउने,

(छ) प्लेटफर्ममा प्रसार भएका विषयवस्तुको तथ्यको जाँच गर्ने,

(ज) सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक परिचय खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने,

(झ) प्लेटफर्ममा हुने आर्थिक कारोबार बैङ्किङ प्रणालीबाट हुने व्यवस्थाको सुनिश्चित गर्ने,

(ञ) यस ऐन बमोजिम जाँचबुझ वा कसूरको अनुसन्धान गर्ने प्रयोजनको लागि सामाजिक सञ्जाल प्रयोगकर्ताको विवरण (युजर डिटेल) सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(ट) अनुमतिपत्रमा उल्लिखित शर्तहरु,

(ठ) तोकिए बमोजिमका अन्य शर्तहरू।

(२) उपदफा (१) बमोजिमका शर्तहरु पालना नगर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई विभागले पच्चीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जरिबाना गर्नु अघि अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

१३. **सामाजिक सञ्जाल प्लेटफर्मबाट विषयवस्तु हटाउन निर्देशन दिन सक्नेः** (१) यस ऐन वा प्रचलित कानून विपरीतका विषयवस्तु प्लेटफर्मबाट प्रसार भएको भन्ने जानकारी, गुनासो वा उजुरी प्राप्त भएमा त्यस्तो जानकारी, गुनासो वा उजुरीको सम्बन्धमा विभागले जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा त्यस्तो विषयवस्तु हटाउनु पर्ने देखिएमा विभागले प्लेटफर्मबाट अस्थायी वा स्थायीरुपमा वा आंशिक वा पूर्ण रुपमा हटाउन सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा अनुमतिपत्र प्राप्त व्यक्तिको नेपाल स्थित सम्पर्क विन्दुलाई निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम निर्देशन प्राप्त भएमा अनुमतिपत्र प्राप्त व्यक्ति वा सम्पर्क विन्दुले त्यस्तो विषयवस्तु तत्काल हटाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्लेटफर्मबाट हटाउन निर्देशन दिइएको विषयवस्तु नहटाउने अनुमतिपत्र प्राप्त व्यक्ति वा सम्पर्क विन्दुलाई विभागले पटकै पिच्छे पाँच लाख रुपैयाँदेखि पन्ध्र लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

तर त्यसरी जरिबाना गर्नुअघि त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति वा सम्पर्क विन्दुलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) प्लेटफर्मबाट प्रसार भएको विषयवस्तु यस दफा बमोजिम नहटाएको कारण कसैलाई क्षति पुगेको रहेछ भने त्यसको मनासिब क्षतिपूर्ति पीडितलाई भराई दिनु पर्नेछ ।

१४. **<u>सम्पर्क विन्दुको व्यवस्था गर्नु पर्ने:</u>** (१) नेपाल बाहिरबाट सञ्चालित अनुमतिपत्र प्राप्त व्यक्तिले सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन तथा सम्पर्क गर्ने प्रयोजनको लागि नेपालभित्र सम्पर्क विन्दुको स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै संस्था वा निकायलाई सम्पर्क विन्दु तोक्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नेपालमा कार्यालय नभएका अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यस दफा बमोजिम सम्पर्क विन्दुको स्थापना गर्नु वा सम्पर्क विन्दु तोक्नु पर्नेछ।

(४) विभाग वा सम्बद्ध निकायले नेपाल बाहिरबाट सञ्चालित अनुमतिपत्र प्राप्त व्यक्तिसँग सम्पर्क गर्दा सम्पर्क विन्दु मार्फत गर्न सक्नेछ।

१५. **<u>अनुमतिपत्र प्राप्त व्यक्तिले गुनासो व्यवस्थापन गर्ने:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो सामाजिक सञ्जाल प्रयोगकर्ताको गुनासो व्यवस्थापनको लागि द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) सहितको प्रभावकारी संयन्त्रको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासो व्यवस्थापनको लागि प्रत्येक अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो सम्पर्क विन्दुमा चौबिसै घण्टा उपलब्ध हुने गरी गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नु पर्नेछ।

(३) सम्पर्क विन्दुको ठेगाना परिवर्तन हुँदा वा गुनासो सुन्ने अधिकारी परिवर्तन हुँदा सोको सूचना विभागलाई दिनु पर्नेछ र सोको सूचना सर्वसाधारणको जानकारीको लागि समेत सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

१६. **<u>सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्त:</u>** (१) सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जाल प्रयोग गर्दा देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने,

<u>स्पष्टीकरण:</u>"हेट स्पीच" भन्नाले व्यक्ति, समूह वा समुदाय विरुद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट,

ट्याग, ह्यासट्याग, मेन्सन गर्ने वा यस्तै प्रकृतिको अन्य कार्य सम्झनु पर्छ।

(ख) मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रसार नगर्ने,

(ग) प्रचलित कानूनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार नगर्ने,

(घ) प्रचलित कानूनले निषेध गरेका क्रियाकलापको नक्कल वा सेयर नगर्ने,

(ङ) अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार नगर्ने,

(२) उपदफा (१) विपरीतको कार्यलाई गलत मनसायले सामाजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग वा मेन्सन गर्न हुँदैन।

(३) उपदफा (२) विपरीतको कार्य गर्ने सामाजिक सञ्जाल प्रयोगकर्तालाई विभागले पाँच लाख रुपैयाँ सम्म जरिबाना गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जरिबाना गर्नु अघि सामाजिक सञ्जाल प्रयोगकर्तालाई सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद-५

## कसूर र सजाय

१७. **अनुमतिपत्र नलिई वा रोक लगाएको सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न नहुनेः** (१) कसैले दफा ३ बमोजिम अनुमतिपत्र नलिई वा दफा ९ बमोजिम सञ्चालन गर्न रोक लगाइएको प्लेटफर्म सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत प्लेटफर्म सञ्चालन गर्ने वा गराउने व्यक्तिलाई पच्चीस लाख रुपैयाँसम्म जरिबाना हुनेछ।

१८. **राष्ट्र हित प्रतिकूल हुने कार्य गर्न नहुनेः** (१) कसैले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्र हित वा सङ्घीय इकाइ बीचको सु-सम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, सांस्कृतिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै काम गर्न वा गराउन वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा प्रसार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

१९. **साइबर बुलिङ गर्न नहुनेः** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी साइबर बुलिङ गर्न हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "साईबर बुलिङ" भन्नाले कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा

गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, फोटो, अडियो, भिडियो, श्रव्य-दृष्य, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्ने जस्ता कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई दुई वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२०. **साइबर स्टकिङ्ग गर्न नहुनेः** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी साइबर स्टकिङ्ग गर्न वा गराउन हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "साइबर स्टकिङ्ग" भन्नाले कसैले इन्टरनेट प्रविधिको प्रयोग गरी कसैलाई झुट्टा आरोप लगाउने, धम्की दिने, जालसाजी गर्ने, दुर्व्यवहार गर्ने, निगरानी गर्ने, वैयक्तिक गोपनीयता भङ्ग गर्ने, बारम्बार अनावश्यक सन्देश पठाउने, गोप्य जानकारी खुलासा गर्ने वा वैयक्तिक सुरक्षामा खतरा पुऱ्याउने कार्य गरी कसैलाई हैरानी दिएमा साइबर स्टकिङ्ग गरेको सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२१. **कसैको आइडी तथा सूचना ह्याक गर्न नहुने**: (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गर्नु हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "ह्याक" भन्नाले कसैको कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको पासवर्ड वा सिरियल नम्बर क्र्याक गरी त्यस्तो कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालको गुप्त सङ्केत, पासवर्ड वा सिरियल नम्बर चोरी गरी त्यस्तो कम्प्युटर प्रणाली वा सामाजिक सञ्जालमा अनधिकृत रुपमा पहुँच प्राप्त गरी तथ्याङ्क भण्डारमा हस्तक्षेप गर्ने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२२. **फिसिङ वा इम्पोष्टर स्क्याम गर्न नहुनेः** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी फिसिङ वा इम्पोष्टर स्क्याम गर्नु हुँदैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि,-

(क) "फिसिङ" भन्नाले विद्युतीय सञ्चार माध्यमबाट कुनै कुरा सत्य हो भन्ने विश्वासमा पारी कुनै व्यक्तिको युजरनेम र पासवर्ड,क्रेडिट कार्ड नम्बर, बैङ्क एकाउन्ट जस्ता संवेदनशील सूचना प्राप्त गर्ने कार्य सम्झनु पर्छ।

(ख) "इम्पोष्टर स्क्याम" भन्नाले कुनै व्यक्तिले अरू कसैबाट पैसा वा व्यक्तिगत विवरण चोर्ने उद्देश्यले फोन वा इमेल वा विद्युत्तीय उपकरण वा प्रणालीद्वारा आफू चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने विश्वासमा पारी उपहार वा पुरस्कार पठाउन व्यक्तिगत

पासवर्ड र संवेदनशील जानकारी लिएर पछि कुनै रकम माग गर्ने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२३. **सेक्सटोर्सन वा एक्सटोर्सन गर्न नहुने:** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी सेक्सटोर्सन वा एक्सटोर्सन गर्नु हुँदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(क) "सेक्सटोर्सन" भन्नाले कसैको नितान्त व्यक्तिगत तथा निजी तस्बीर, अडियो वा भिडियो सामाजिक सञ्जालको प्रयोग गरी सार्वजनिक गर्ने वा कसैसँग सेयर गर्ने धम्की दिई यौन शोषण, आर्थिक लाभ वा हिंसाका लागि बाध्य पार्ने कार्य सम्झनु पर्छ।

(ख) "एक्सटोर्सन" भन्नाले कसैले कुनै व्यक्तिलाई सामाजिक सञ्जालको प्रयोग गरी निज वा अरु कसैलाई कुनै क्षति पुर्याउने डर त्रासमा पारी निजबाट बेइमानीपूर्वक आफ्नो वा अरु कसैको लागि कुनै लाभ उठाएमा वा त्यस्तो लाभ उठाउने नियतले कुनै काम गराउने कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२४. **बीभत्स तस्बिर वा अडियो वा भिडियो पोष्ट वा सेयर गर्न नहुने:** (१) कसैले सामाजिक सञ्जालमा बीभत्स तस्बिर वा अडियो वा भिडियो पोष्ट वा सेयर गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

२५. **अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रसार गर्न नहुने:** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्बिर, सङ्केत, भिडियो, अडियो, मिथ्या वा भ्रामक सूचना प्रसार गर्न, त्यस्तो सूचनाको दुष्प्रचार वा तोडमरोड वा कमेन्ट गरी प्रसार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई दुई वर्षसम्म कैद सजाय वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२६. **डिपफेक भिडियो अपलोड वा प्रसार गर्न नहुने:** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी डिपफेक भिडियो अपलोड वा प्रसार गर्नु हुँदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "डिपफेक भिडियो" भन्नाले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउलाई नक्कल वा प्रतिस्थापन गरी गलत सूचना प्रवाह गर्ने, अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कार्य सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई दुई वर्षसम्म कैद सजाय वा तीनलाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

२७. **<u>बेनामी वा छद्‍मभेषी पहिचान बनाउन वा प्रयोग गर्न नहुने</u>**ः (१) कसैले सामाजिक सञ्जालमा बेनामी वा छद्‍मभेषी (फेक आइडी, पेज, समूह) वा अरुको नामबाट पहिचान सिर्जना गर्ने, त्यस्तो बेनामी वा छद्‍मभेषी पहिचान मार्फत विषयवस्तु उत्पादन गरी पोष्ट वा सेयर गर्ने, अरूको विषयवस्तु सेयर गर्ने, कमेन्ट वा कल गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ ।

(३) कसैले प्लेटफर्ममा व्यक्तिगत वा सामूहिक रुपमा छद्‍मभेषी, स्थायी वा अस्थायी समूह, पेज वा अन्य कुनै पनि प्रकारको आइडी खोली नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतामा खलल पुग्ने वा राष्ट्रिय हित प्रतिकूल हुने गरी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्न हुँदैन।

(४) उपदफा (३) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम सजाय हुनेमा सोही बमोजिम र प्रचलित कानूनमा सजाय उल्लेख भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पन्ध्र लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

२८. **<u>थप सजाय हुनेः</u>** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी प्रचलित कानून बमोजिम कसूर हुने कार्य गरेमा वा त्यस्तो कसूर गर्न दुरुत्साहन गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा एक वर्षसम्म थप कैद सजाय हुनेछ।

(२) यस ऐन बमोजिमको कुनै कसूर एक पटकभन्दा बढी गर्ने कसूरदारलाई पटकै पिच्छे त्यस्तो कसूरमा हुने सजायको दोब्बर सजाय हुनेछ।

(३) सार्वजनिक पद धारण गरेको वा राज्य कोषबाट सुविधा लिएको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने काम गरेमा त्यस्तो कसूरदारलाई यस ऐन बमोजिम हुने सजायमा पचास प्रतिशतसम्म थप सजाय हुनेछ।

(४) कसैले बालबालिकाको प्रयोग गरी यस ऐन बमोजिमको कसूर हुने कार्य गरेमा एक वर्षसम्म थप कैद सजाय हुनेछ।

२९. **<u>दुरुत्साहन, उद्योग वा षडयन्त्र गर्न नहुनेः</u>** यस ऐन बमोजिम कसूर हुने कार्य गर्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कसूरको उद्योग वा षडयन्त्र गर्ने वा त्यस्तो कसूर गर्न सघाउने वा अन्य कुनै ब्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

३०. **<u>प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्नेः</u>** यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ र त्यस्तो कसूरमा यस ऐनमा उल्लिखित हद भन्दा बढी सजाय हुने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

३१. **क्षतिपूर्ति भराउनु पर्ने:** यस ऐन बमोजिम सजाय हुने कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति भएको रहेछ भने त्यस्तो हानि, नोक्सानी, हैरानी वा क्षति बापतको मनासिब रकम सम्बन्धित कसूरदारबाट पीडितलाई भराई दिनु पर्नेछ।

३२. **नेपाल सरकार वादी हुने**ः यस परिच्छेद बमोजिम कसूर हुने मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

३३. **हदम्याद**ः सामाजिक सञ्जालको प्रयोग गरी कसैले यस ऐन विपरीतको कसूर हुने कार्य गरेमा त्यस्तो कार्यबाट मर्का पर्ने व्यक्तिले कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र उजुर गर्नु पर्नेछ।

३४. **विद्युतीय प्रमाणको ग्राह्यताः** विद्युतीय प्रणालीबाट सिर्जना भएको विद्युतीय वा अन्य कुनै स्वरुपमा रहेको कुनै सूचना वा तथ्याङ्क यस ऐन बमोजिम कसूर मानिने मुद्दाको कारबाहीमा प्रमाणको रुपमा ग्राह्य हुनेछ।

३५. **पुनरावेदनः** (१) यस ऐन बमोजिम जिल्ला अदालतले गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय थाहा पाएको मितिले ३५ दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(२) दफा १२, १३ र १६ बमोजिम विभागले जरिवाना गर्ने गरी गरेको निर्णयमा चित्त नबुझेमा त्यस्तो निर्णय भएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-६
## विविध

३६. **द्रुत प्रतिकार्य समूह गठन गर्ने:** (१) यस ऐन बमोजिमको कसूरबाट पीडितको अधिकारको तत्काल रक्षा गर्ने व्यवस्थाका लागि विभागले विज्ञ तथा सम्बद्ध निकायको प्रतिनिधि समेत रहने गरी द्रुत प्रतिकार्य समूह (र्‍यापिड रेस्पोन्स टिम) गठन गर्न सक्नेछ।

(२) विभागले टेलिफोन, इमेल, फ्याक्स वा सामाजिक सञ्जालबाट गुनासो सुन्न र त्यस्तो गुनासो उपर द्रुत प्रतिकार्य गर्नका लागि आवश्यक कर्मचारी सहितको छुट्टै सहायता कक्षको समेत व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम द्रुत प्रतिकार्य समूहले कुनै प्लेटफर्म वा कुनै अन्य व्यक्ति वा निकायलाई सामाजिक सञ्जालमा प्रसार गरिएको कुनै विषयवस्तु तत्काल हटाउन, कसैले हेर्न नमिल्ने गरी सङ्ग्रह गर्न वा पीडितको अधिकार रक्षाको लागि तत्काल कुनै उपयुक्त कार्य गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु वा गराउनु सम्बन्धित प्लेटफर्मको कर्तव्य हुनेछ।

३७. **सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने:** (१) विभाग, सम्बद्ध निकाय र प्लेटफर्मले सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि देहायका कुनै वा सबै माध्यमबाट शिक्षा तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) प्रकाशन तथा प्रसारण,

(ख) वेबसाइट,

(ग) गोष्ठी तथा कार्यशाला,

(घ) लोककल्याणकारी विज्ञापन,

(ङ) संवाद कार्यक्रम,

(च) अन्य कुनै माध्यम।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने शिक्षा तथा सचेतनामूलक कार्यक्रमको व्यवस्था गर्न मन्त्रालय, प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा स्थानीय तहको शिक्षा शाखाले समेत आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नु पर्नेछ।

३८. **निर्देशन दिन सक्ने**: मन्त्रालयले सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धमा विभाग लाई आवश्यक निर्देशन दिन सक्नेछ।

३९. **प्रतिवेदन पेश गर्नुपर्ने:** विभागले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफू र सम्बद्ध निकायबाट सम्पादन भएका कामको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

४०. **नियम बनाउने अधिकार**: नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

४१. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।